# Pre-K Attendance Matters

Early Childhood Education
COLUMBUS CITY SCHOOLS

## तपाँईका बच्चाको सफलता र पढाईलागि हरेक दिन समयमै स्कूल पुग्नु महत्त्वपूर्ण हुन्छ।

पृ-किन्डरगार्टेनमा नियमित उपस्थितिको विशेषै महत्त्वपूर्ण हुन्छ, किनकि यसले बच्चाहरूलाई हरेक दिन समयमै विद्यालय जान महत्त्वपूर्ण छ भनेर पहिल्यै सिकाउँछ।.

**हाम्रो प्रारम्भिक बाल्यकाल शिक्षा कार्यक्रममा तपाँईको बच्चाले विकास गर्ने दिनचर्याहरू (routines) का प्रभावले आफ्नो भविष्यकालागि जग बसाल्नेछ।**

**पृ-के हाजिरीले स्कूलमा हुने हाजिरीको महत्व राख्ने शैक्षिक सफलतामा किन प्रत्यक्ष प्रभाव पार्छ भने बारम्बार अनुपस्थितिले बच्चालाई निम्न कुराहरुमा गाह्रो बनाउन सक्छः**

- प्रारम्भिक पढाईमा र गणितमा कौशल प्राप्त गर्न
- सम्बन्ध निर्माण गर्न
- राम्रो उपस्थितिको बानी विकास गर्न

**बच्चा विद्यालयमा अनुपस्थित हुने भए कसरी माफ गर्ने भन्ने बारे आफना बच्चाको स्कूल कार्यालयलाई फोन वा इमेलमार्फत तपाँईको बच्चा अनुपस्थित हुने भनेर प्रत्येक दिन सूचित गर्नुहोस्। ती वा कुनै शिक्षकलाई बच्चा अनुपस्थित हुनेछ भनेर सूचित गर्दैमा बच्चाको अनुपस्थिति क्षमा हुँदैन। निम्न कारणहरु वा यी मध्य कुनै कारण भए मात्र सो अनुपस्थिति माफी हुन सक्छ:**

- **विद्यार्थी बिरामी भए वा क्वारेन्टाइनमा रहेको भएमा**
  अभिभावक वा कानूनी अभिभावक/संरक्षकले फोन सम्पर्क गरेर वा लिखित निवेदन गरेमा वा डाक्टरको सिफारिस पत्र उपलब्ध गरेमा माफ गरिन्छ
- **चिकित्सा वा दन्त एप्पोइन्टमेन्ट भएमा**
  एप्पोइन्टमेन्ट प्रमाणित गर्ने चिकित्सक वा दन्त चिकित्सकबाट लिखित बयान आवश्यक हुन सक्छ
- **आफन्तको मृत्यु भएमा वा बिरामी परेमा**
- **धार्मिक बिदा लिनु परेमा**

## अनुपस्थिति बारे बारम्बार सोधिने प्रश्नहरु

- अभिभावकले आफ्नो बच्चालाई वर्षमा नौवटासम्म मात्र अनुपस्थिति माफी दिन सक्छन्।
- यदि तपाँई यात्रा गर्दै हुनुहुन्छ भने कृपया यसबारे आफ्नो प्रिन्सिपलसँग अघाडि नै (पहिल्यै) कुरा गर्नुहोस्।
- विद्यालय छुटेको मिनेटको संख्या अनुपस्थितिस्वरुप गणना गरिन्छ। सुचित नगरि ढिलो आएको / चाँडै छोडेको सबै मिनट अनुपस्थितिमा जोडिन्छ!
- यदि तपाँईको बच्चाले सुचित नगरि वा छुट्टी नमागि १५ वटा वा सोभन्दा बढी अनुपस्थिति गरेमा उनलाई यस कार्यक्रमबाटै निष्काशन गर्न पनि सकिन्छ।
- यातायातको समस्या वा अभावका कारणले भएको अनुपस्थितिलाई माफी गरिनेछैन।